कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# मोदी ईनर्जी लिमिटेड

**रजिष्टर्ड कार्यालय : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३०, डिल्लीबजार**
**फोन नं.०१–४४४११३१, ४४४१४४४ इमेल :** info@modihydro.com **वेभसाइट :** www.modihydro.com **को**

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## विवरण–पत्र

कम्पनीको जारी पूँजी रु.२,९०,००,००,०००/- मध्ये २५% ले हुन आउने रु.७२,५०,००,०००/– रकम बराबर प्रति शेयर रु.१००/– अंकित मूल्यको ७२,५०,००० कित्ता साधारण शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूजीको १०% अर्थात रु.२९,००,००,०००/- (उन्नत्तिस करोड) रकम बराबरको रु.१००/– अंकित दरको २९,००,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरी बाँडफाँड पश्चात बांकी रहेको २०,९५,६१० कित्ता तथा सर्वसाधारणलाई छुट्टाइएको जारी पूँजीको १५% अर्थात ४३,५०,००० कित्ता गरी जम्मा ६४,४५,६१० कित्ता शेयरको ५% अर्थात ३,२२,२८० कित्ता शेयर सामुहिक लगानी कोष र २% अर्थात १,२८,९१० कित्ता शेयर कर्मचारीहरुको लागि सुरक्षित गरी १०% अर्थात ४,३५,००० कित्ता वैदेशिक रोजगारीमा रहेको नेपालीहरुलाई शेयर बाँडफाँड पश्चात बांकि रहेको ५५,५९,४२० कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिएको छ।

### नेटवर्थ सम्बन्धी विवरण :

| | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| **विवरण** | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९३।६६ | ९३।१८ | ९२।५७ | ८७।६३ | ८७।५६ | ८७।७२ | ८९।१० |
| प्रति शेयर आम्दानी(रु.) | (०।५२) | (०।४९) | (०।६१) | (१५।२१) | (३।४५) | ०।१५ | १।३८ |
| संचित नाफा/नोक्सान (रु हजारमा) | (६३,३२४) | (६८,२१६) | (७४,३०४) | (२,६८,९८४) | (३,६०,६३२) | (३,५६,१९८) | (३,१६,०९२) |

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

| | | |
|---|---|---|
| **मोदी ईनर्जी लिमिटेड (२० मे.वा.)** | **बिद्युत उत्पादनको कूल लागत : ६.२० अर्ब** | **विद्युत उत्पादन अनुमतिको बाँकी अवधि : २३ वर्ष (मिति २१०२/०५/२० सम्म)** |
| **साधारण लगानी फिर्ता हुने अवधि : १२ वर्ष ११ महिना** | **डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि : १७ वर्ष ८ महिना** | **प्रति मेगावाट लागत : ३१.०३ करोड** |

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग.८** (पृष्ठ संख्या ८) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

### नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वकिृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड काठमाडौंले मिति २०७९ पौष ०६ गते "IRN BB+Is" रेटिङ्ग प्रदान गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) जनाउँदछ। इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले IRN AAA(Is) देखि IRN D(Is) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ। जसमा IRN AAA(Is) ले बलियो आधार जनाउँछ भने IRN D(Is) ले कमजोर आधारहरु जनाउँछ। IRN B(Is), IRN C(Is), IRN D(Is) ले औषत भन्दा कम आधारहरु जनाउँछ। दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ। सो रेटिङ्गको बैधता अवधि एक वर्ष अर्थात २०८० पौष ०४ गते (December, 20, 2023) सम्म रहनेछ। सो सम्बन्धि विवरण यस विवरण पत्रको दफा २२ (ट) मा उल्लेख गरिएको छ।

यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरु मध्ये आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँट भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैंलाई कई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।

**विद्युत नियमनको पूर्व स्वीकृति प्राप्त भएको मिति: २०७९/०५/१०**
**नेपाल धितोपत्र बोर्डबाट विवरण पत्रमा स्वीकृति प्राप्त मिति: २०७९/११/०८**
**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति: २०७९/११/१२**

**धितोपत्र निष्काशन खुल्ला हुने मिति: २०८०/०१/१९**
**धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा):२०८०/०१/२४ (बैंकिङ्ग समय) पश्चात**
**धितोपत्र निष्काशन खुल्ला हुने मिति (ढिलोमा): २०८०/०२/०२ (बैंकिङ्ग समय) पश्चात**

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

**सन्‌राइज क्यापिटल लिमिटेड**

सन्‌राइज क्यापिटल लिमिटेड
**SUNRISE CAPITAL LTD.**
(सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)

कमलपोखरी, काठमाडौं, नेपाल; फोन नं.– ४५२८५५०
Email : info@sunrisecapital.com.np, URL: https://www.sunrisecapital.com.np

## ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

(क) **विवरणपत्र"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

(ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी काठमाडौलाई सम्झनु पर्दछ ।

(ग) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर सम्झनु पर्दछ ।

(घ) **"संगठित संस्था/कम्पनी"** भन्नाले सार्वजनिक निष्काशनकर्ता कमपनी **मोदी ईनर्जी लिमिटेड** सम्झनु पर्दछ ।

(ङ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

(च) **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशन तथा बिक्री प्रन्धकसंग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

(छ) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

(ज) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले **मोदी ईनर्जी लिमिटेड**को संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

(झ) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(ञ) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले ईक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउंदछ ।**"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको कर पछिको नाफालाई कुल शेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई  सम्झनु पर्छ ।

(ठ) **"प्रति शेयर नेटवर्थ"**भन्नाले कम्पनीको कुल नेटवर्थलाई कुल सेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पर्छ ।

(ड) "साधारण लगानीमा फिर्ता हुने अवधि" भन्नाले लगानीकर्ताले परियोजनाको प्रारम्भिक लागत पुनः प्राप्ति गर्न लाग्ने समय हो ।

(ढ) **"डिस्काउटमा लगानी फिर्ता हुने अवधि"** भन्नाले अवधि वर्षको संख्या हो जुन पछि संचयी छुटमा (Discount rate) प्राप्त नगद प्रवाहले प्रारम्भिक लगानीलाई पुनः प्राप्त गर्दछ ।

(ण) **"आयोजना प्रभावित क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना गरिएको उद्योग वा संचालन गरिएको आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनमा उल्लेखित प्रभावित क्षेत्र सम्झनुपर्दछ ।

(त) **"वैदेशिक रोजगारीमा रहेको नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु जनाउँछ ।

(थ) **"विप्रेषण (रेमिटयान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरीद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ ।

**ख.२ विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौ र वेवसाइट : www.sunrisecapital.com.np |
| २. | मोदी ईनर्जी लिमिटेड, डिल्लीबजार, काठमाडौ र वेवसाइट : www.modihydro.com |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट : www.sebon.gov.np |

| **सर्वसाधारण शेयरधनीहरुको हकमा :** | |
|---|---|
| १. | सर्वसाधारणको लागि नेपाल धितोपत्र बोर्डबाट सि–आस्बा (C-ASBA) सदस्यता प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

**ग.१ धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता कम्पनी तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**ग.२ संगठित संस्थाको उद्घोषण :**

**ग.२.(क) सञ्चालकहरुको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई सू-सूचीत गर्दै लगानी सम्बन्धी निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.(ख) कम्पनीको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस "**मोदी ईनर्जी लिमिटेड**" ले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको वारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ।

**ग.२.(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सेन्ज लिमिटेडमा पेश गरेका छौं । कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८।१२।०२ को पत्रानूसार आ. व. २०७७/०७८ सम्म कम्पनी अद्यावधिक रहेको छ ।

**ग.२.४ संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(क) यस कम्पनीका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(ख) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(ग) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(घ) धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(ङ) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम अयोग्य रहेका छैनन् ।

**ग.३ संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.१ संगठित संस्थाको पृष्ठभूमी :**

**(क) संस्थाको नाम :** मोदी ईनर्जी लिमिटेड । (Modi Energy Limited)

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगानाः** यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, काठमाडौं जिल्ला, का.म.न.पा.३०, डिल्लीबजारमा रहेको छ ।

**(घ) कारोबार गर्ने मुख्य स्थानः** यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र पर्वत जिल्लाको तल्लो मोदी खोलामा रहेको छ ।

**(ङ) कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

**१) मिति २०५३/०७/१६ गते मनाङ्ग ट्रेड लिङ्क प्रा. लि. को रुपमा स्थापना भई मिति २०७४/०२/१४ गते मोदी ईनर्जी प्रा.लि. मा परिणत भई उक्त संस्था पूनः मिति २०७५/०३/०७ गते बाट मोदी ईनर्जी लिमिटेडमा परिणत भई कार्य गर्दै आएको छ । यसको रजिष्टर्ड कार्यालय बागमती अञ्चल काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं. ३० डिल्लीबजारमा रहेको छ ।**

**२) यस कम्पनीले तल्लो मोदी खोला जल विद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०६७/०६/१२ मा विद्युत उत्पादनको अनुमति मत्र प्राप्त गरेको हो ।**

**३) कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०६८/०५/२० मा तल्लो मोदी खोला जल विद्युत आयोजना (२० मे. वा.) को विद्युत खरीद बिक्री सम्झौता अनुसार विद्युत उत्पादन शुरु गर्नु पर्ने मिति (RCOD) २०७७/०३/३१ रहेको थियो ।**

**४) कम्पनीबाट प्रवद्धित तल्लो मोदी खोला जलविद्युत आयोजनाले मिति २०७८/०६/१४ गते बाट व्यापापारीक उत्पादन शुरु गरी मोदी खोलाको पानीबाट जल विद्युत उत्पादन गर्दै आएको छ । यस जलविद्युत आयोजनालाई तल्लो मोदी खोला जलविद्युत आयोजनाबाट चिनिन्छ । यो प्रोजेक्ट नेपालको पर्वत जिल्लाको देउपुर, बाजुङ्ग, तिलहर, दुर्लुङ्ग र चुवा गाविसमा अवस्थित छ । आयोजनाको वार्षिक उत्पादन ११७ GWh र जडान क्षमता २० मे.वा रहेको छ ।**

५) कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०६८/०५/२० मा भएको तल्लो मोदी खोला जल विद्युत आयोजना (२० मे. वा.) को विद्युत खरीद बिक्री सम्झौता अनुरुप विद्युत खरीद मूल्य दर वर्षायाममा प्रति कि. वा. घण्टा रु. ४.८० र सुख्खायाममा प्रति कि. वा. घण्टा रु. ८.४० कायम गरिएको छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति बाट १ वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्ष ३ प्रतिशतका दरले पाँच पटक सम्म मूल्य वृद्धि हुनेछ ।

६) **Financial Closure** गर्दाको वखत आयोजनाको अनुमानित तथा वास्तविक लागतको विवरण:

| आयोजनाको अनुमानित लागत | आयोजना सम्पन्न हुँदा लागेको वास्तविक लागत | लागत फरक हुनुको कारण |
|---|---|---|
| रु. ३,५०,९२,८१,०००/- | रु.६,२०,६३,२५,३२०/– | वि. सं.२०७२ साल बैसाख महिनामा गएको भुकम्प, तत्पश्चात देशमा देखापरेको नाकाबन्दी तथा २०७६ साल चैत्रबाट शुरु भएको कोभिड १९ को कारणले आयोजनाको निर्माण तथा जडान सम्बन्धी सम्पूर्ण कार्यहरु प्रभावित भई निर्माण तथा जडान सम्बन्धी कार्यहरु समयमा सम्पन्न हुन नसक्दा त्यसले व्याज खर्च, सिभिल संरचनाको निर्माण खर्च मा अत्याधिक वृद्धि भएको । साथै आयोजनाको संरचनाको डिजाईनमा पनि केही परिवर्तन गर्नु पर्ने हुँदा त्यसले निमार्ण खर्च तथा प्रशासनिक खर्चमा समेत वृद्धि हुन गएको र तत्पश्चात निर्माण सम्पन्न भए लगत्तै व्यापारीक उत्पादनको लागि परीक्षण तयारी गर्दा टनेलमा देखिएको **Leakage** लाई मर्मत सम्भार गर्न लागेको अतिरिक्त खर्च आदिमा वृद्धि हुन गएकोले आयोजनाको अनुमानित लागत भन्दा सम्पन्न हुँदाको वास्तविक लागतमा फरक हुन गएको हो । |

**<u>Calculation basis for Payback, Internal rate of return and Net Present Value</u>**

रकम रु. लाखमा

| Particulars | Cash profit Incl. Depreciation & Interest | Cumulative Cash profit | Discount factor at 10.5% | Discounted Cash Flow | Cumulative Discounted Cash Flow |
|---|---|---|---|---|---|
| Capital Outflow | (६,३६९.२४) | – | | (६,३६९.२४) | - |
| २०७८\|७९ | १२.२७ | १२.२७ | ०.९० | ११.१० | ११.१० |
| २०७९\|८० | १७२.४० | १८४.६७ | ०.८२ | १४१.१९ | १५२.२९ |
| २०८०\|८१ | २७०.१७ | ४५४.८४ | ०.७४ | २००.२४ | ३५२.५३ |
| २०८१\|८२ | ३०५.६७ | ७६०.५१ | ०.६७ | २०५.०२ | ५५७.५६ |
| २०८२\|८३ | ३५६.९३ | १,११७.४४ | ०.६१ | २१६.६६ | ७७४.२१ |
| २०८३\|८४ | ४११.२७ | १,५२८.७१ | ०.५५ | २२५.९२ | १,०००.१३ |
| २०८४\|८५ | ४२१.५५ | १,९५०.२६ | ०.५० | २०९.५६ | १,२०९.७० |
| २०८५\|८६ | ४५३.१७ | २,४०३.४२ | ०.४५ | २०३.८७ | १,४१३.५७ |
| २०८६\|८७ | ५०९.८१ | २,९१३.२४ | ०.४१ | २०७.५६ | १,६२१.१३ |
| २०८७\|८८ | ५९९.०३ | ३,५१२.२७ | ०.३७ | २२०.७१ | १,८४१.८४ |
| २०८८\|८९ | ७३३.८१ | ४,२४६.०८ | ०.३३ | २४४.६८ | २,०८६.५२ |
| २०८९\|९० | ९३५.६१ | ५,१८१.६९ | ०.३० | २८२.३२ | २,३६८.८५ |
| २०९०\|९१ | १,२३९.६८ | ६,४२१.३७ | ०.२७ | ३३८.५३ | २,७०७.३८ |
| २०९१\|९२ | १,७०४.५६ | ८,१२५.९४ | ०.२५ | ४२१.२५ | ३,१२८.६३ |
| २०९२\|९३ | २,४२९.०० | १०,५५४.९४ | ०.२२ | ५४३.२४ | ३,६७१.८८ |
| २०९३\|९४ | ३,५८२.७८ | १४,१३७.७२ | ०.२० | ७२५.१४ | ४,३९७.०२ |
| २०९४\|९५ | ५,४६३.७४ | १९,६०१.४६ | ०.१८ | १,०००.७६ | ५,३९७.७८ |
| २०९५\|९६ | ८,६०५.३९ | २८,२०६.८५ | ०.१७ | १,४२६.४३ | ६,८२४.२१ |
| २०९६\|९७ | १३,९८३.७६ | ४२,१९०.६२ | ०.१५ | २,०९७.६९ | ८,९२१.९० |
| २०९७\|९८ | २३,४२२.८० | ६५,६१३.४२ | ०.१४ | ३,१७९.७५ | १२,१०१.६५ |
| २०९८\|९९ | ४०,४०४.३३ | १०६,०१७.७५ | ०.१२ | ४,९६३.८७ | १७,०६५.५२ |
| २०९९\|०० | ७१,७१७.६९ | १७७,७३५.४४ | ०.११ | ७,९७३.६३ | २५,०३९.१५ |
| २१००\|०१ | १३०,८८४.७८ | ३०८,६२०.२२ | ०.१० | १३,१६९.१२ | ३८,२०८.२७ |
| २१०१\|०२ | २४५,४०८.९७ | ५५४,०२९.१९ | ०.०९ | २२,३४५.७९ | ६०,५५४.०६ |

| | |
|---|---|
| कुल वर्तमान मुल्य (Net Present Value) | ५,४१,८४,८२४ |
| आन्तरिक प्रतिफल दर (Internal Rate of Return) | ११.५९ |
| साधारण लगानीमा फिर्ता हुने अवधि (Payback Period ) | **१२ वर्ष ११ महिना** |
| डिस्काउटमा लगानी फिर्ता हुने अवधि (Discounted Payback Period) | **१७ वर्ष ८ महिना** |
| बिद्युत उत्पादनको कूल लागत (Total Project Cost) | ६.२० अर्ब |
| प्रति मेगावाट लागत (Cost Per Megawatt) | ३१.०३ करोड |

(च) **कम्पनीको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, ईतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** संगठित संस्थाको कुनै सहायक कम्पनी रहेको छैन ।

(छ) **देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागू हुने हदसम्म) :**

१. संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु : जलविद्युत आयोजनाको निर्माण गरी विद्युत उत्पादन, संचालन र व्यवस्थापन गर्ने ।

२. प्रयोग भएको वा गरिने प्रविधि : जलश्रोतको उपयोग गरि जलविद्युत उत्पादन गर्ने ।

३. कुनै ब्राण्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : नभएको ।

४. संगठित संस्थाले ओगटेको बजार क्षेत्र : कम्पनीले उत्पादन गर्ने २० मेगावाट विद्युतिय उर्जा नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गरेर मिति २०७८।०६।१४ गतेबाट नेपाल विद्युत प्राधीकरणको राष्ट्रिय प्रसारण लाइनमा जोडीसकेको र हाल नेपाल अधिराज्य भर नेपाल विद्युत प्राधीकरण मात्र विद्युत खरीद विक्री गर्ने एक मात्र संस्था भएकोले यसै संस्था मार्फत आवश्यक स्थलमा प्रसारण तथा वितरण गर्ने व्यवस्था मिलाइएको छ र कम्पनीले ओगटेको बजार क्षेत्र देशभर रहेकोमा हाल देशमा १,८०० मेगावाट विद्युतीय उर्जाको मांग रहेको छ । यसले गर्दा यस आयोजनाबाट उत्पादित विद्युत खेर नजाने देखिन्छ ।

५. नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना : थप नयां जलविद्युत आयोजनाहरुको विकास गर्ने ।

६. उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिकाः कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ भने कम्पनीको प्रमुख बजार देशभर रहनेछ ।

७. उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थितिः तल्लो मोदी खोला जलविद्युत आयोजनाको जडान क्षमता २० मेगावाट रहेको छ भने यसको वार्षिक उत्पादन ११७ GWh रहेको छ ।

८. कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धताः मोदी खोलामा भएको पानी ।

९. गुण नियन्त्रणको लागि गरिएको व्यवस्थाः जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ ।

१०. अनुसन्धान तथा विकास : नयां आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्यका लागि कम्पनीले उपयुक्त जलस्रोतको खोजी गरिरहेको छ ।

११. विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधानः छैन ।

१२. मजदुर संगठनसंगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरणः नभएको ।

१३. बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थितिः मोदी इनर्जी कम्पनी लिमिटेडको कुल विद्युत उत्पादन क्षमता २० मेगावाटको रहेको छ । हाल इन्धन तथा सवारी साधन लगायतका कुराहरु पेट्रोलियमबाट विद्युतिय माध्यममा जान लागिरहेको वर्तमान परिप्रेक्ष्यमा ठूलो परिमाणमा उर्जाको माग हुने वर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नरहेको । जलविद्युत आयोजनाको लागि कच्चा पदार्थको खाजी तथा जगेडा गर्नु नपर्ने र उत्पादिनत विद्युत शक्ति नेपाल विद्युत प्राधिकरण संग सम्झौता गरी बिक्री गर्न सकिने हुंदा नेपाली लगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

**१४.** प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण) : कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

**ग.३.२ सम्पत्ति सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्थाः
पूँजीकरण भएको सम्पत्ति :

| विवरण | रकम रु. | स्थान | कैफियत |
|---|---|---|---|
| जग्गा | ६,४८,७६,८७६।- | पर्वत जिल्ला | आयोजना स्थल |
| सिभिल वर्क्स | ४,८२,२४,५१,१७४।- | पर्वत जिल्ला | आयोजना स्थल |
| इलेक्ट्रो मेकानिकल | १,०३,८६,०५,२०१।- | पर्वत जिल्ला | आयोजना स्थल |
| हाइड्रो मेकानिकल | १८,५२,३९,१९८।- | पर्वत जिल्ला | आयोजना स्थल |
| कार्यालय उपकरण | २,५३,५३०।- | काठमाण्डौं जिल्ला | रजिष्ट्र्ड कार्यालय |
| कार्यालय उपकरण | ९,८४,१७२।- | पर्वत जिल्ला | आयोजना स्थल |
| फर्निचर तथा फिक्सचर्स | १२,५१,३८७ - | पर्वत जिल्ला | आयोजना स्थल |
| सर्भे उपकरण | ३,२२,२११।- | पर्वत जिल्ला | आयोजना स्थल |
| सवारी साधन | ३,४९,४४०।- | पर्वत जिल्ला | आयोजना स्थल |
| ट्रान्समिसन लाईन | ९,५१,५२,८७०।- | पर्वत जिल्ला | आयोजना स्थल |

सम्पत्ती, उपकरण तथा मेशीनरी विवरण (Fixed Assets Register) (रु हजारमा)

| विवरण | जग्गा | सिभिल निर्माण, हाइड्रो इलेक्टिकल, हाइड्रो मेकानिकल र ट्रान्समिसन लाइन | ररकार्यालय उपकरण,फर्निचर तथा फिक्सचर | सवारी साधन | मेशिनरी | जम्मा |
|---|---|---|---|---|---|---|
| २०७८ आसाढ अन्त्यमा सकल सम्पत्ति मूल्य | - | - | १४,८०३ | ८,४६९ | २,२४६ | २५,५१८ |
| थप | ६४,८७६ | ६१,४१,४४९ | १७०३ | - | ६८९ | ६२,०८,७१७ |
| घट | - | - | - | - | - | - |
| २०७९ आसाढ अन्त्यमा सकल सम्पत्ति मूल्य | **६४,८७६** | **६१,४१,४४९** | **१६,५०६** | **८,४६९** | २,९३५ | **६२,३४,२३५** |
| **मूल्यह्रास विवरण** | | | | | | |
| अवधि सुरुमा संचित मूल्यह्रास | - | - | १२,७०५ | ८,०३२ | १,७६० | २२,४९७ |
| मूल्यह्रास | २१५२ | २०३,७५५ | ८१० | ८७ | १४४ | २,०६,९४८ |
| डिस्पोजल | - | - | - | - | - | - |
| अवधि समाप्तिमा संचित मूल्यह्रास | २,१५२ | २०३,७५५ | **१३,५१५** | **८,११९** | **१,९०४** | २,२९,४३५ |
| **नेट ब्यालेन्स रिपोर्टिङ** | | | | | | |
| २०७८आषाढ समाप्तमा ब्यालेन्स | - | - | २०९८ | ४३७ | ४८७ | ३,०२२ |
| २०७९ आषाढमा समाप्तमा ब्यालेन्स | ६२,७२४ | ५९,३७,६९४ | २,९९१ | ३४९ | १,०३२ | ६०,०४,७९० |

## सम्पत्ति विवरण ब्लक अनुसार

| सम्पत्ति विवरण,२०७९ आषाढ | रकम(रु हजारमा) | स्थान | कैफियत |
|---|---|---|---|
| जग्गा | **६,२७,२४** | आयोजना स्थल | आवश्यक जग्गा खरीद गरीएको |
| सिभिल निर्माण, इलेक्ट्रो मेकानिकल तथा हाइड्रो मेकानिकल | **५९,३७,६९४** | आयोजना स्थल | पूर्ण रुपमा सम्पन्न भएको |
| कार्यालय उपकरण, फर्निचर तथा फिक्सचर | २,९९१ | आयोजना स्थल तथा कम्पनीको रजिष्ट्रर्ड कार्यालय | आवश्यकता अनुसार भएको |
| सवारी साधन | ३४९ | आयोजना स्थल | आवश्यकता अनुसार भएको |
| मेशिनरी | १,०३२ | आयोजना स्थल | आवश्यकता अनुसार भएको |
| **जग्गा, मेशिन तथा उपकरण एवं अन्य सम्पत्ति जम्मा** | ६०,०४,७९० | **–** | **–** |
| सअमूर्त सम्पत्ति | - | - | विधुत विकास विभागवाट अनुमति प्राप्त इजाजतपत्र, सफ्टवेयर |
| **कूल स्थिर सम्पत्ति** | ६००४७९० | - | - |

(ख) **बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने)**: लिजमा नभएको कम्पनीको आफ्नै सम्पत्ति ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** सह वित्तीयकरण कर्जाको लागि बैंकहरुमा मोर्टगेज राखिएको ।

(घ) **आर्थिक वर्ष समाप्त भए पश्चात विवरणपत्र बोर्डमा पेश गरिएको मिति सम्ममा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक समायोजन वा मूल्यांकन गरिएको भए सो को विवरण :** सो नभएको।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** कम्पनीको सम्पूर्ण सम्पत्तिहक ऐतिहासिक लागत मूल्यमा मूल्याङ्कन गरिएको छ ।

**ग.३.३ भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**

१. सार्वजनिक शेयर निष्काशनबाट प्राप्त हुन आउने रकम बैंक तथा वित्तिय संस्थाबाट लिइएको ऋणको रकम भूक्तानी गर्नमा प्रयोग गरीने छ ।

२. बैंक तथा वित्तिय संस्थाको बाँकी ऋण प्रक्षेपित समय अवधि भित्र भूक्तानी गर्ने रणनिति लिइएको छ ।

३.कम्पनीको व्यवसाय वृद्धिका लागि नयाँ उत्कृष्ट आयोजनाहरुमा साझेदारीको रुपमा लगानी गर्नुका साथै कम्पनी आफैंले पनि नयाँ जल विद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी आगामी ५ वर्षभित्र निमाण कार्य शुरु गर्ने कम्पनीको भावी योजना रहेको छ ।

४. सोलार, बायोग्यास, तापीय उर्जा, वायु उर्जा उत्पादन तथा नविकरण उर्जा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा लगानी

सम्बन्धी काम गर्ने ।

५.नयाँ निर्माण गरिने आयोजनाहरुको लागि आवश्यक प्रसारण लाईन निर्माण गर्ने र सञ्चालन गर्ने योजना रहेको छ ।

कम्पनीले यसरी नयाँ आयोजनाहरुमा लगानी तथा निर्माण गर्नको लागि कम्पनीले आर्जन गरी सञ्चित गरेको नाफा तथा थप पुँजी जुटाई आयोजनाहरुमा लगानी गर्ने रणनीति रहेको छ । लगानी सम्बन्धी निर्णय गर्दा लगानीको समुचित प्रतिफल प्राप्त गर्ने तर्फ विशेष ध्यान दिने कम्पनीको रणनीति रहको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

नेपाल अधिराज्य भर हालसम्म नेपाल विद्युत प्राधिकरण मात्र विद्युत खरीद बिक्री गर्ने एक मात्र संस्था भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरीद बिक्री सम्बन्धी सम्झौता सम्पन्न हुने हुँदा यस क्षेत्रमा अन्य समान किसिमका उद्योगहरुसँग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले आफ्नो व्यवस्थायको निरन्तरताका लागि अगाडि बढाएका अन्य आयोजनाको पहिचान तथा विकास गर्दा अन्य वस्तुको जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

यस अतिरिक्त कम्पनीले ओगटेको बजार क्षेत्र देशभर रहेकोमा हाल देशमा १८०० मेगावाट विद्युतीय उर्जाको मांग रहनुका साथै प्रत्येका वर्ष यो मांग बड्दै जानुको साथै भारत तथा अन्य छिमेकी राष्टहरुमा समेत विद्युत निर्यात गर्ने प्रबल सम्भावना रहकोले कम्पनीको व्यवसाय विस्तारको लागि बजारको कमी नहुने देखिन्छ ।

**ग.३.४ सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ८(आठ) जना सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| **समूह "क"** संस्थापक शेयरधनहिरुबाट मनोनित वा निर्वाचित सञ्चालकहरु | ५ |
| **समूह "ख"** सर्वसाधारण शेयरधनीहरुबाट मनोनित वा निर्वाचित सञ्चालकहरु | २ |
| स्वतन्त्र संचालक | १ |
| **जम्मा** | **८** |

संचालकहरुको कार्यकाल ४ वर्षको रहको छ ।

यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार कम्पनीको संचालक हुनका लागि कम्पनीको कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर लिएको हुनुपर्नेछ तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**ग.४ पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) पूँजी संरचना**

**१) अधिकृत पूँजीः** कम्पनीको अधिकृत पूँजी रु.२,९०,००,००,०००/-(दुई अरब नब्बे करोड ) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/-का दरका २,९०,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**२) जारी पूँजीः** कम्पनीको जारी पूँजी रु.२,९०,००,००,०००/-(दुई अरब नब्बे करोड ) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/-का दरका २,९०,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**३) चुक्ता पूँजीः** कम्पनीको चुक्ता पूँजी रु.२,१७,५०,००,०००/-(दुई अरब सत्र करोड पचास लाख) रहेको छ । आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुबाट रु.२९,००,००,०००/- (उन्नत्तिस करोड) चुक्ता हुने र बांकी रु.४३,५०,००,०००/–(अक्षेरुपी त्रिचालिस करोड पचास लाख) रकम बराबरको शेयर सार्वजनिक निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.२,९०,००,००,०००/-(दुई अरब नब्बे करोड ) हुनेछ । कम्पनीको स्थापना पश्चात् अधिकृत जारी एवं चुक्ता पूंजीमा निम्न बमोजिम परिवर्तन भएको छ ।

| आ.व. | अधिकृत पूंजी रु. | जारी पूंजी रु. | चुक्ता पूंजी रु. |
|---|---|---|---|
| २०७५/०७६ | १,५०,००,००,०००/– | १,५०,००,००,०००/– | १,००,००,००,०००/– |
| २०७७/०७८ | २,५०,००,००,०००/– | २,५०,००,००,०००/– | १,००,००,००,०००/– |
| २०७८/०७९ | २,९०,००,००,०००/– | २,९०,००,००,०००/– | २,१७,५०,००,०००/- |

(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको पूँजी संरचना देहाय बमोजिम हुनेछ ।

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूंजी प्रतिशत(%) | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | २,१७,५०,००० | ७५% | २,१७,५०,००,०००/- | शत प्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी/स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगरीमा रहेको नेपली सहित) | ७२,५०,००० | २५% | ७२,५०,००,०००/– | निष्काशन पश्चात शत प्रतिशत हुने |
| | जम्मा | २,९०,००,००० | १००% | २,९०,००,००,०००/– | |

(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) : छैन ।

**ग.५ संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

ग.५.१ संस्थापक/सञ्चालकको पृष्ठभूमी :

(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

**आधारभूत शेयरधनीहरुको विवरण**

| क्र.सं. | नाम | ठेगाना | उमेर | राष्ट्रियता | शेयर स्वामित्व कित्ता | शेयर प्रतिशत | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित) जलविद्युत क्षेत्रमा | अनुभव (अन्य) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री कुमुद कुमार दुगड | मोरङ्ग, विराटनगर ०८ | ५३ | नेपाली | १४,१७,२०६ | ४.८९ | स्नातकोत्तर | अध्यक्ष, नेपाल हाइड्रो डेभलोपर लिमिटेड | विगत ३१ वर्षदेखि के. एल. दुगड गुपमा प्रबन्ध निर्देशकको रुपमा कार्यरत |
| २ | श्री पशुपति मुरारका | सिराहा, लाहान ०७ | ५७ | नेपाली | २१,२५,००० | ७.३३ | स्नातक | पूर्वसञ्चालक, नेपाल हाइड्रो डेभलोपर लिमिटेड | विगत ३५ वर्षदेखि आफ्नै उद्योग तथा व्यापारमाा अनुभव |
| ३ | श्री मोदी इन्भेष्टमेण्ट प्रा.लि. | का.म.न.पा वडा नं ३३ | | लागु नहुने | १२,३०,००० | ४.२४ | लागु नहुने | लागु नहुने | लागु नहुने |
| ४ | श्री शिरिस कुमार मुरारका | सिराहा, लाहान ०७ | ३७ | नेपाली | २१,२५,००० | ७.३३ | स्नातकोत्तर | सो नभएको । | विगत ११ वर्षदेखि आफ्नै उद्योग तथा व्यापारमा अनुभव |
| ५ | श्री नरेश दुगड | का.म.न.पा वडा नं ३० | ५६ | नेपाली | १४,१६,३९७ | ४.८८ | स्नातक | सो नभएको । | विगत ३१ वर्षदेखि के. एल. दुगड गुपमा सह अध्यक्षको रुपमा कार्यरत |
| ६ | श्री विकास दुगड | मोरङ्ग, विराटनगर ०८ | ४६ | नेपाली | १४,१६,३९७ | ४.८८ | स्नातक | नेपाल हाइड्रो डेभलोपर लिमिटेडमा संस्थापक शेयरधनी रहेको | विगत २५ वर्षदेखि के. एल. दुगड गुपमा सञ्चालकको रुपमा कार्यरत |

**सञ्चालकहरुको विवरण**

| क्र.सं. | नाम, ठेगाना | प्रतिनिधित्व तथा पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शेयर प्रतिशत | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित) जलविद्युत क्षेत्रमा | अनुभव (अन्य) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री पशुपति मुरारका, सिराहा, लाहान ०७ | संस्थापक तर्फबाट अध्यक्ष | ५७ | नेपाली | २१,२५,००० | ७.३३ | स्नातक | पूर्व सञ्चालकको रुपमा नेपाल हाइड्रो डेभलोपर लिमिटेडमा १० वर्षको अनुभव । | विगत ३५ वर्षदेखि आफ्नै उद्योग तथा व्यापारमा अनुभव |
| २ | श्री बिकास दुगड, मोरङ्ग, विराटनगर ०८ | संस्थापक तर्फबाट संचालक | ४६ | नेपाली | १४,१६,३९७ | ४.८८ | स्नातकोत्तर | सो नभएको । | विगत २५ वर्षदेखि के. एल. दुगड गुपमा संचालकको रुपमा कार्यरत |
| ३ | श्री जहान सिंह फुयाल -मोदी इन्भेष्टमेन्ट प्रा. ली को तर्फबाट , का.म.न.पा वडा नं.३३ | संस्थापक तर्फबाट संचालक | ४९ | नेपाली | १२,३०,००० | ४.२४ | स्नातक | सो नभएको | विगत १७ वर्षदेखि उद्योग तथा व्यापारीक प्रतिष्ठानमा व्यवस्थापकीय अनुभव |
| ४ | श्री दिपक कुमार मुन्दडा, मोरङ्ग, विराटनगर ०९ | संस्थापक तर्फबाट संचालक | ४० | नेपाली | ८,४९,८०० | २.९३ | स्नातक | सो नभएको । | विगत १० वर्षदेखि आफ्नै उद्योग तथा व्यापारमाा अनुभव |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | श्री शुभी अग्रवाल, का.म.न.पा वडा नं. ४ | संस्थापक तर्फबाट संचालक | ४४ | नेपाली | ४,७२,२२१ | १.६३ | स्नातक | सो नभएको । | विगत १५ वर्षदेखि शंकर ग्रुपमा संचालकको रुपमा कार्य अनुभव |
| ६. | श्रीमति रन्जना तिवारी | स्वतन्त्र सञ्चालक | ३३ | नेपाली | नभएको | नभएको | स्नातक | सो नभएको । | विगत १० वर्षदेखि इजिनियरिङ्ग पेशामा आवद्ध |

(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

| | संस्थापकहरुको नाम, ठेगाना | संक्षिप्त विवरण | संचालकहरुको नाम तथा ठेगाना |
|---|---|---|---|
| | श्री मोदी इन्भेष्टमेण्ट प्रा.लि., का.म.न.पा वडा नं.३३ | मोदी इन्भेष्टमेण्ट प्रा.लि. नेपालको प्रचलित कानून अर्न्तगत नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको कम्पनी हो । कम्पनीको मुख्य उद्देश्य विभिन्न क्षेत्रमा लगानी गर्ने रहेको छ । | ज्ञानेन्द्र लाल प्रधान, डिल्लीबजार, काठमाण्डौं । |

(ग) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना

| क.सं. | सञ्चालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १ | श्री पशुपति मुरारका | पूर्व अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, पूर्व संचालक, नेपाल हाइड्रो डेभलोपर लिमिटेड, अध्यक्ष, मुरारका ग्रुप, अनामनगर, काठमाण्डौ । |
| २ | श्री बिकास दुगड | के. एल दुगड ग्रुप, डिल्लीबजार, काठमाण्डौ । |
| ३ | श्री सुभी अग्रवाल | शंकर ग्रुप अफ इन्डस्ट्रिज, नक्साल, काठमाण्डौ । |
| ४ | श्री जहान सिंह फुयाल -मोदी इन्भेष्टमेन्ट प्रा. ली को तर्फबाट | मोदी इन्भेष्टमेन्ट प्रा. ली., का.म.न.पा. वडा नं. ३३ |
| ५ | श्री दिपक कुमार मुन्दडा | देवनारा ग्रुप अफ कम्पनी, नक्साल, काठमाण्डौ । |
| ६ | श्रीमति रन्जना तिवारी | रोपवे एण्ड केबल कार प्रा. ली., कुपण्डोल, ललितपूर । |

(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण : नभएको ।

**ग.५.२ संस्थापक/सञ्चालकसँगको कारोवार :**

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग.६ सिमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनीका कारोबारको सम्बन्धमा शेयरधनीहरुको दायित्व निजहरुले खरीद गरेको वा गर्न कवुल गरेको शेयरको अंकित मुल्य रकमसम्म मात्र सिमित रहनेछ ।

**ग.७ संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**ग.७.१ संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण** :

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरुको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम :**

| क्र.सं. | कर्मचारीको नाम | पद | शैक्षिक योग्यता | नियुक्त भएको मिति | शेयर संख्या | कार्यानुभव |
|---|---|---|---|---|---|---|
| १ | बद्री प्रसाद सापकोटा | लेखा तथा प्रशासन प्रमुख | स्नातक | ०६/०२/२०७८ | - | लेखा तथा वित्तीय व्यवस्थापनमा १२ वर्षको कार्य अनुभव |
| २ | रविन्द्र कुमार यादव | सहायक प्लान्ट म्यानेजर | स्नातक | १०/०६/२०७५ | - | जलविद्युत क्षेत्रमा १२ वर्ष कार्य गरेको अनुभव |
| ३ | सुजन पौडेल | टेक्निकल मेनेजर | स्नातक | २५/०४/२०७८ | - | जलविद्युत क्षेत्रमा ९ वर्ष कार्य गरेको अनुभव |

**संगठित संस्थाका कर्मचारीहरु अन्य सूचिकृत संगठित संस्थाको आधाभुत शेयरधनीको रुपमा रहेको वा कर्मचारीहरुले अन्य कुनै संगठित संस्थामा गरेको लगानी सम्बन्धी विवरणः** सो नभएको ।

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नुपर्नेः** नभएको ।

(ग) **कर्मचारीको संख्या:** स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।
कम्पनीमा हाल कार्यरत ४३ जना नियमित कर्मचारीहरु शेयर लिन योग्य रहेका छन् । कम्पनीमा कार्यरत कर्मचारीहरुका लागि २ प्रतिशत अर्थात १,२८,९१० कित्ता साधारण शेयर छुट्याईएको छ ।

**ग.७.२ सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण:**

(क) सञ्चालक समितिको अध्यक्ष लगायत सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :
१) सञ्चालक समितिको बैठकमा उपस्थित अध्यक्षलाई प्रति बैठक भत्ता रु.५,०००/–
२) सञ्चालक समितिमा उपस्थित सञ्चालकहरुलाई प्रति बैठक रु.३,०००/–
३) सञ्चालक समितिबाट गठित उपसमितिको बैठक भत्ता : नरहेको ।
४) व्यवस्थापनबाट गठीत उपसमिति वा अन्य बैठकमा उपस्थित पदाधिकारीहरुलाई प्रति बैठक भत्ता: नरहेको
नोट : सञ्चालक समितिका सदस्यहरुलाई उपरोक्त बैठक भत्ता बाहेक अन्य कुनै सुविधा उपलब्ध हुने व्यवस्था रहेको छैन ।

(ख) **संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधि (२०७८।७९) भित्र निजहरुलाई पारिश्रमिकको रुपमा भुक्तानी गरिएको रकम :**

| नाम | पद | वार्षिक पारिश्रमिक रकम रु. |
|---|---|---|
| बद्री प्रसाद सापकोटा | लेखा तथा प्रशासन प्रमुख | ८,०३,५०३।- |
| रविन्द्र कुमार यादव | सहायक प्लान्ट म्यानेजर | १७,२६,७३४। - |
| सुजन पौडेल | टेक्निकल मेनेजर | ११,७६,७१२। - |

(ग) **कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण:** हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**ग.८. अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा:**
कम्पनीले बहन गरेको वा गर्ने जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिर प्रमुख रुपमा देहायका जोखिमहरु रहेका छन् ।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
– संचालन एवं नियमित भुक्तानीमा असर पर्न सक्ने ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**
– जलश्रोतको मुहानमा वातावरणको कारण अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
– हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun)को जोखिम :**
– आयोजनाको निर्माण कार्य सम्पन्न भई मिति २०७८ असोज १४ गतेकाट विद्युत उत्पादन शुरु भईसकेको

(ङ) **विदेशी विनिमयको जोखिम :**
– विदेशी विनिमय दरमा परिवर्तन भएमा संचालन खर्चमा बृद्धि हुन सक्ने जोखिम रहेको ।

(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्दा सोबाट पर्न सक्ने असरहरु :**
– अनुमति वा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयां आयोजना निर्माण कार्यमा ढिलाई हुन सक्ने जोखिम रहेको छ ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरणका कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
– अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम:**
– नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय निति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु
– कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा ।
– जलविद्युत उपकरणहरु आयात सम्बन्धी नितिहरु परिवर्तनबाट हुने जोखिमहरु

(झ) **संचालन इतिहासको अभाव :**
– यस कम्पनी मिति २०७६/०८/१६ देखि कारोबार संचालन गरेकोले कम्पनीको संचालन इतिहास करिब ३ वर्ष रहेको छ ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :**
– जलविद्युत आयोजना निर्माणको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपरकणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट बिद्युत उपकरणहरु फेज आउट भएमा ।

(ट) **अन्य :**
(१) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
(२) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
(३) प्राकृतिक प्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भै आयोजनामा क्षति हुन गएमा आयोजनाको विद्युत उत्पादनमा प्रभाव पर्न सक्ने ।

**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :**
जलश्रोतको हिसाबले नेपाल विश्वकै धनी देशहरुमा पर्ने कुरा सर्वविदितै हुंदा हुंदै पनि नेपालमा उर्जा शक्तिको अत्यधिक माग रहेको र सो को आपूर्ति पूर्ण रुपमा हुननसकेको परिप्रेक्ष्यमा उर्जाको श्रोतको रुपमा जलश्रोत नै प्रमुख र भरपर्दो श्रोत भएको देखिन्छ । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुंदा दीर्घकालसम्म जलविद्युतको लगानीमा न्यून जोखिम रहेको भन्नेमा व्यवस्थापनको धारणा रहेको छ । उर्जा प्राप्त गर्ने विभिन्न श्रोतहरु भएतापनि पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुंदा अन्य श्रोतबाट उत्पादन हुने

विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ ।

**बीमा सम्बन्धी विवरण :**

१. बीमा कम्पनीको नाम : द ओरिन्टल इन्सुरेन्स कम्पनी लिमिटेड
२. बीमाले बहन गर्ने जोखिम : अग्निजन्य क्षति, हावा जन्य क्षति, पानी जन्य क्षति, भुमी जन्य क्षति, खस्ने वा भासिने सम्बन्धी क्षति, चट्याङ्ग जन्य क्षति, विस्फोट जन्य क्षति, आकाशिय समाग्रीजन्य क्षति, धक्का दिएर हुने क्षति, सोजलनको कारणले भएको क्षति, हुलदङ्गा तथा आतंकबाट जन्य क्षति ।
३. सम्पूर्ण सम्पत्तिहरु बीमा गरिएको कुल रकम : रु.३,५३,९७,२०,०००।-

| सि.नं. | सम्पत्तिहरुको विवरण | बीमा गरिएको रकम रु. | प्रिमियम रकम |
|---|---|---|---|
| १. | सिभिल, हाइड्रो मेकानिकल, तथा इलेक्ट्रो मेकानिक | ३,५३,९७,२०,०००।- | रु.७३,९९,८०७।- |
| २. | सामूहिक दुर्घटना बीमा | ३,०७,००,०००।- | रु. ५३,७४५।- |

**४. सम्पूर्ण सम्पत्तिहरुको कूल प्रिमियम रकम** रु.७३,९९,८०७।-

**५. बीमालेख जारी मिति : २०७९।०८।२५**

**६. बीमालेख समाप्ति मिति : २०८०।०८।२६**

**धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिमः**

रु.१००/– प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९. वित्तीय विवरण :**

**ग.९.१ वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

**(क) संगठित संस्थाको लेखापरिक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड, नगद प्रवाह विवरण :**

**वासलात**

(रु. हजारमा )

| **विवरण** | **२०७७/७८** |
|---|---|
| **सम्पत्ति** | |
| **गैर वर्तमान सम्पत्ति** | |
| **सम्पत्ति ,प्लान्ट तथा उपकरण** | |
| ग्रस ब्लक | २५,५१८ |
| घटाउने संचित मूल्यह्रास | २२,४९८ |
| **नेट ब्लक** | **३,०२०** |
| **अमूर्त** | |
| स्थगित कर सम्पत्ति | ७,७४७ |
| पूंजीगत कार्य | ५८,६७,८४८ |
| **कूल गैर वर्तमान सम्पत्ति** | **५८,७८,६१५** |
| **चालू सम्पत्ति** | |
| व्यापार प्राप्य | |
| विभिन्न ऋणीहरु | |
| अग्रिम जम्मा | २,९६,२८३ |
| नगद तथा बैंक मौज्दात | ५०,६४९ |
| **कूल चालु सम्पत्ति** | **३,४६,९३२** |
| **कुल सम्पत्ति** | **६२,२५,५४८** |
| **इक्विटी र दायित्वहरु** | |
| **शेयरधनी कोष** | |
| शेयर पूंजी | १०,००,००० |
| निष्काशन वाट प्राप्त पूंजि | ११,१९,३८० |
| जगेडा तथा कोषहरु | (७४,३०४) |
| **जम्मा शेयरधनी पूँजी** | **२०,४५,०७६** |
| **गैर वर्तमान सम्पत्ति** | |
| दीर्घकालीन उद्यारो | ३३,८१,७१२ |
| स्थगित कर दायित्वहरु | |
| **कुल गैर वर्तमान सम्पत्ति** | **३३,८१,७१२** |

| | |
|---|---|
| **चालू दायित्व** | |
| **ऋणी तथा अन्य भुक्तानी** | **१,३४,९५०** |
| **छोटो अवधिको उधारो** | ६,६३,८१० |
| **कुल वर्तमान दायित्वहरु** | **७,९८,७६०** |
| **कुल दायित्वहरु** | **४१,८०,४७२** |
| **कुल इक्विटी र दायित्वहरु** | **६२,२५,५४८** |

### नाफा–नोक्सान हिसाब

(रु. हजारमा)

| **विवरण** | **२०७७/७८** |
|---|---|
| **विद्युत विकि** | |
| **घटाउने :** | |
| **बिकी लागत /प्लान्ट सञ्चालन खर्च** | |
| **रोयल्टी शुल्क** | |
| **कूल नाफा** | |
| **जम्मा : अन्य आम्दानी** | |
| **लगानी आय** | |
| **घटाउने** | |
| प्रशासनिक, बिक्री र वितरण खर्च | ६,८०१ |
| **संचालन नाफा/नोक्सान** | (६,८०१) |
| | |
| **घटाउने** | |
| वित्तीय लागत | |
| ह्रास | ६३१ |
| **बोनस र सामाजिक उत्तरदायित्व कोष अघिको नाफा/घाटा** | **(७,४३२)** |
| कर्मचारी बोनस व्यवस्था | |
| सामाजिक उत्तरदायित्व कोष | |
| **कर अघिको नाफा/नोक्सान** | (७,४३२) |
| **घटाउनेः कर खर्च** | |
| चालु अवधिको कर | |
| स्थगित कर खर्च/आय | (१,३४४) |
| **यस वर्षको खुद नफा** | **(६,०८८)** |
| **असाधारण वस्तुहरु** | |
| **यस वर्षक खुद नाफा/नोक्सान जगेडा तथा कोषमा सारिएको** | **(६,०८८)** |

### नगद प्रवाह

(रु. हजारमा)

| **विवरण** | **२०७७/७८** |
|---|---|
| **संचालन गतिविधिहरुबाट नगद प्रवाह** | |
| **कर अघिको कुल नाफा/नोक्सान** | **(६,०८८)** |
| गैर नगद र गैर परिचालन गतिविधिहरुको समायोजन | |
| वित्तीय लागत | |
| स्थगन कर | (१,३४४) |
| ह्रास | ६३१ |
| **कार्यशील पूँजीमा परिवर्तन हुन अघि नगद प्रवाह** | **(६,८०१)** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमि | (४४,४०६) |
| चालु दात्विमा (वृद्धि)/कमि | ४,७२,३५४ |
| **सञ्चालन गतिविधिहरुबाट नगद प्रभाव** | **४,२१,१४७** |
| | |
| **लगानी गतिविधिहरुबाट नगद प्रवाह** | |
| स्थिर सम्पत्तिमा थप | (२९४) |
| स्थिर सम्पत्तिको बिकीबाट प्राप्त आय | |

| | |
|---|---|
| CWIP परियोजना सम्पत्तिहरुमा थप | (५,८५,३७८) |
| लगानीमा बृद्धि | |
| **लगानी गतिविधिहरुबाट नगद प्रवाह** | **(५,८५,६७२)** |
| | |
| **वित्तीय गतिविधिहरुबाट नगद प्रवाह** | |
| व्याज भुक्तानी | |
| पूंजी बृद्धि/कमि | |
| शेयर पूंजीमा बृद्धि/कमि | १,५७,००० |
| शेयर निष्काशन | |
| ऋणमा बृद्धि/कमि | ९,६३८ |
| लाभांश भुक्तानी | |
| वित्तीय लागत भुक्तानी | |
| **वित्तिय गतिविधिहरुबाट नगद प्रवाह** | **१,६६,६३८** |
| | |
| **नगद र बैंक मौज्दातमा परिवर्तन** | **२,११३** |
| शुरुको नगद तथा बैंक मौज्दात | ४८,५३६ |
| अन्तिम नगद तथा बैंक मौज्दात | **५०,६४९** |

**स्वः पूँजीमा भएको परिवर्तनको विवरणः**

| विवरण | शेयर पूँजी | जगेडा तथा सञ्चित मुनाफा | जम्मा |
|---|---|---|---|
| २०७८ आषाढ मसान्तको रकम | रु. १,००,००,००,०००/- | रु. (७,४३,०३,७५५)/- | रु. ९२,५६,९६,२४५/- |
| पूर्व अवधिबाट समायोजन | - | - | - |
| जम्मा | रु. १,००,००,००,०००/- | रु. (७,४३,०३,७५५)/- | रु. ९२,५६,९६,२४५/- |
| शेयर पूँजीमा थप/घट | रु. १,१७,५०,००,०००/- | - | रु. १,१७,५०,००,०००/- |
| कुल नाफा/नोक्सान | - | रु. (१९,४६,८०,१८६)/- | रु. (१९,४६,८०,१८६)/- |
| २०७९ आषाढ मसान्तको रकम | रु. २,१७,५०,००,०००/- | रु. (२६,८९,८३,९४१)/- | रु. १,९०,६०,१६,०५९ /- |

आम्दानी सम्बन्धी विवरण:

| विवरण | आ. व. २०७८/०७९ |
|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | रु. ३५,४५,२९,६८६/- |
| अन्य आम्दानी | - |
| जम्मा आम्दानी | रु. ३५,४५,२९,६८६/- |

नोटः आर्थिक वर्ष २०७७/०७८ सम्मको वित्तीय विवरण NFRS बमोजिम तयार नभएकोले लेखा परीक्षकले disclaimer of opinion सहितको राय प्रश्तुत गरेको हो । यस कम्पनीले निर्माण गरेको जलविद्युत आयोजना उक्त समयमा निर्माण चरणमै भएको र यसले वित्तीय विवरणमा पनि धैरै ठूलो असर नपर्ने भएकोले आर्थिक वर्ष २०७७/०७८ मा NFRS बमोजिम नभई NAS बमोजिम वित्तीय प्रतिवेदन तयार गरिएको हो । कम्पनीले मिति २०७८/०६/१४ गतेबाट विद्युत उत्पादन शुरु गरेको हो तसर्थ आर्थिक वर्ष २०७९/०८० देखि NFRS बमोजिम कम्पनीको वित्तीय विवरण तयार गर्ने योजना रहेको छ ।

(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरिक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

**वासलात**

**रु.(हजारमा)**

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | अपरिष्कृत २०७८/०७९ | अपरिष्कृत २०७९/८० पौष मसान्त |
|---|---|---|---|---|---|
| **सम्पत्ति** | | | | | |
| **गैर चालु सम्पत्ति** | | | | | |
| **सम्पत्ति ,प्लान्ट तथा उपकरण** | | | | | |
| ग्रस ब्लक | २५,०२३ | २५,२२४ | २५,५१८ | २७,९११ | २७,९५७ |
| घटाउने संचित मूल्यह्रास | | २१,६२६ | २२,४९८ | २३,५३९ | २४,०१४ |
| **नेट ब्लक** | **४,४२३** | **३,५९८** | **३,०२०** | **४,३७२** | **३,९४३** |
| **अमूर्त** | | | | **६०,००,४१८** | **५८,७१,१९४** |
| स्थगित कर सम्पत्ति | | ६,४०३ | | ७,७४७ | ७७४७ |

| | | | | | |
|---|---|---|---|---|---|
| पूंजीगत कार्य | ४८,४४,८५८ | ५२,८२,२२९ | ५८,६७,८४८ | | |
| **कूल गैर चालु सम्पत्ति** | **४८,५४,४२३** | **५२,९२,२३०** | **५८,७८,६१५** | **६०,१२,५३७** | **५८,८२,८८४** |
| **चालू सम्पत्ति** | | | | | |
| व्यापार प्राप्य | | | | ५८,८३२ | ७८,७८२ |
| विभिन्न ऋणीहरु | | | | | |
| अग्रिम जम्मा | १,८८,५१० | २,५१,८७७ | २,९६,२८३ | १,४७,६६० | १,५८,८५६ |
| नगद तथा बैंक मौज्दात | १६,४७१ | ४८,५३६ | ५०,६४९ | ४,३३८ | ३,०३९ |
| **कूल चालु सम्पत्ति** | **२,०४,९८२** | **३,००,४१३** | **३,४६,९३२** | **२,१०,८३०** | **२,४०,६७७** |
| **कुल सम्पत्ति** | **५०,५९,४०५** | **५५,९२,६४३** | **६२,२५,५४८** | **६२,२३,३६७** | **६१,२३,५६२** |
| **इक्विटी र दायित्वहरु** | | | | | |
| **शेयरधनी कोष** | | | | | |
| शेयर पूंजी | १०,००,००० | १०,००,००० | १०,००,००० | २१,७५,००० | २१,७५,००० |
| निष्काशन वाट प्राप्त पूंजि | ६,३१,३३० | ९,६२,३८० | ११,१९,३८० | ९,५२७ | - |
| जगेडा तथा कोषहरु | (६३,३२४) | (६८,२१६) | (७४,३०४) | (२,६८,९८४) | (५,२६,५९७) |
| **जम्मा शेयरधनी पूँजी** | **१५,६८,००५** | **१८,९४,१६४** | **२०,४५,०७६** | **१९,१५,५४३** | **१६,४८४०३** |
| **गैर वर्तमान सम्पत्ति** | | | | | |
| दीर्घकालीन उधारो | ३३,७१,६७३ | ३३,७२,०७४ | ३३,८१,७१२ | ४१४९१८२ | ४०,७३,७४४ |
| स्थगित कर दायित्वहरु | | | | | |
| **कुल गैर वर्तमान सम्पत्ति** | **३३,७१,६७३** | **३३,७२,०७४** | **३३,८१,७१२** | **४१४९१८२** | **४०,७३,७४४** |
| **चालू दायित्व** | | | | | |
| ऋणी तथा अन्य भुक्तानी | ८३,९०१ | १,०५,१८२ | १,३४,९५० | ४८६२८ | २,९५,८९४ |
| छोटो अवधिको उधारो | ३५,८२६ | २,२१,२२४ | ६,६३,८१० | ११००१४ | १०,१,२११ |
| **कुल वर्तमान दायित्वहरु** | **१,१९,७२६** | **३,२६,४०६** | **७,९८,७६०** | **१५८६४२** | **४,०१,४१५** |
| **कुल दायित्वहरु** | **३४,९१,३९९** | **३६,९८,४८०** | **४१,८०,४७२** | **४३,०७,८२४** | **४४,७५,१५८** |
| **कुल इक्विटी र दायित्वहरु** | **५०,५९,४०५** | **५५,९२,६४३** | **६२,२५,५४८** | **६२,२३,३६७** | **६१,२३,५६२** |

**नाफा नोक्सान हिसाब**

**वास्तविक रु.हजारमा**

| **विवरण** | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | अपरिष्कृत २०७८/०७९ | अपरिष्कृत २०७९/०८० पौष मसान्त |
|---|---|---|---|---|---|
| **विद्युत विकि** | | | | ३,५४,५३० | १,६२,१५२ |
| **घटाउने :** | | | | | |
| **बिकी लागत/ प्लान्ट सञ्चालन खर्च** | | | | ४५,१९६ | १७,१३२ |
| **कूल नाफा** | | | | **३,०९,३३४** | **१,४५,०२१** |
| **जम्मा : अन्य आम्दानी** | | | | | |
| **लगानी आय** | | | | | |
| **घटाउने** | | | | | |
| प्रशासनिक, बिक्री र वितरण खर्च | ५,६२० | ५,३९६ | ६,८०१ | १०,०९९ | ११,२१८ |
| **संचालन नाफा/नोक्सान** | (५,६२०) | (५,३९६) | (६,८०१) | २,९९,२३४ | १,३३,८०३ |
| **घटाउने** | | | | | |
| वित्तीय लागत | | | | २,८६,९६६ | २,६१,७७७ |
| ह्रास | ९८१ | ७५६ | ६३१ | २,०६,९४९ | १,२९,६९९ |
| **बोनस र सामाजिक उत्तरदायित्व कोष अघिको** | (६,६०१) | (६,१५२) | (७,४३२) | (१,९४,६८०) | (२,५७,६१३) |
| कर्मचारी बोनस व्यवस्था | | | | | |
| सामाजिक उत्तरदायित्व कोष | | | | | |
| **कर अघिको नाफा/नोक्सान** | (६,६०१) | (६,१५२) | (७,४३२) | (१,९४,६८०) | (२,५७,६१३) |
| **घटाउनेः कर खर्च** | | | | | |
| चालु अवधिको कर | | | | | |
| स्थगित कर खर्च/आय | (१,३७१) | (१,२६१) | (१,३४४) | | |
| **यस वर्षको खुद नफा** | (५,२३०) | (४,८९२) | (६,०८८) | (१,९४,६८०) | (२,५७,६१३) |
| **असाधारण वस्तुहरु** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **यस वर्षको खुद नाफा/नोक्सान जगेडा तथा कोषमा सारिएको** | (५,२३०) | (४,८९२) | (६,०८८) | (१,९४,६८०) | (२,५७,६१३) |

**प्रक्षेपित नगद प्रवाह विवरण**

**वास्तविक रु.हजारमा**

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | अपरिष्कृत २०७८/०७९ | अपरिष्कृत २०७९/०८० पौष मसान्त |
|---|---|---|---|---|---|
| **संचालन गतिविधिहरुबाट नगद प्रवाह** | | | | | |
| **कर अघिको कुल नाफा/नोक्सान** | **(५,२३०)** | **(४,८९२)** | **(६,०८८)** | **(१,९४,६८०)** | **(२,५७,६१३)** |
| गैर नगद र गैर परिचालन गतिविधिहरुको समायोजन | | | | | |
| वित्तीय लागत | | | | २,८६,९६६ | २,६१,७१७ |
| स्थगन कर | (१,३७१) | (१,२६१) | (१,३४४) | | |
| ह्रास | ९८१ | ७५६ | ६३१ | २,०६,९४९ | १,२९,६९९ |
| **कार्यशील पूँजीमा परिवर्तन हुन अघि नगद प्रवाह** | **(५,६२०)** | **(५,३९६)** | **(६,८०१)** | **२,९९,२३४** | **१,३३,८०३** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमि | ६८,४६२ | (६३,३६७) | (४४,४०६) | ८९,७९२ | (३,१,१४७) |
| चालु दात्विमा (वृद्धि)/कमि | (६,७८,१८६) | २,०६,६७९ | ४,७२,३५४ | ३७९२७ | ८४,९२९ |
| **सञ्चालन गतिविधिहरुबाट नगद प्रभाव** | **(६,१५,३४४)** | **१,३७,९१७** | **४,२१,१४७** | **४२६९५३** | **१,८७,५८५** |
| | | | | | |
| **लगानी गतिविधिहरुबाट नगद प्रवाह** | | | | | |
| स्थिर सम्पत्तिमा थप | (४६०) | (२०१) | (२९४) | (२,३९३) | (४६) |
